काठमाडौं जिल्लाको स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समितिले तयार गरेको प्रतिवेदन

२०७३ कात्तिक २१

प्राविधिक सहयोग समिति

काठमाडौं

विषय सूची

क्र.सं.	विवरण	पेज नं.
१.	भूमिका	१
२.	पृष्ठभूमि	२
३.	जिल्लाको संक्षिप्त परिचय	२
४.	प्राविधिक समितिलाई ध्यानाकर्षण गराईएका विषय/सुझावहरु	५
५.	आयोगबाट प्राप्त मापदण्डको आधारमा निर्माण हुनसक्ने स्थानीय तहहरुको संख्या	६
४.	काठमाडौं जिल्लाको स्थानीय तहको संख्या तथा सिमाना सम्वन्धमा प्रस्ताव गरिएका विकल्पहरु	७
५.	प्राविधिक समितिको राय	९

अनुसूचीहरु :

१) प्रस्तावित ११ वटा नगरपालिका/गाउँपालिकाको छुट्टाछुट्टै प्रतिवेदन

२) प्रस्तावित ९ वटा नगरपालिकाको विवरण

३) वैठकको उपस्थिति एवं निर्णयहरु

४) राजनैतिक दल तथा अन्य सरोकारवालाहरुबाट प्राप्त सुझावहरु

५) गोदावरी घोषणा पत्र, २०७२

६) प्राविधिक सहयोग समितिलाई सहयोग गर्ने कर्मचारीहरु

७) प्राविधिक समितिले गरेका मुख्य मुख्य कार्यहरु

८) वडा संख्या एवं सिमांकनलाई अन्तिम रुप दिन गठित सहजीकरण टोलीको विवरण

९) विकल्प वमोजिमका नक्साहरु

१०) वैठका झलकहरु

भूमिका

काठमाण्डौं जिल्लामा हाल कायम रहेका स्थानीय निकायहरुको पुनर्संरचना गरी संख्या र सीमा निर्धारण गर्न गठित प्राविधिक समितिले आफ्नो कार्य सम्पन्न गरेको छ ।

काठमाण्डौ जिल्लामा विगतमा ५७ वटा गाउ बिकास समिति, एक महानगरपालिका र एक नगरपालिका रहेकोमा करिब २ बर्ष अगाडि साविकका सबै गाविस हरु मिलाएर थप नगरपालिका हरु बनाइए पछि हाल काठमाण्डौंमा १ महानगर सहित ११ नगरपालिका कायम रहेको छ ।

शुरुमा प्राविधिक समितिलाई ३ देखि ८ वटा स्थानीय निकाय बनाउन सक्ने कार्यादेश प्राप्त भएकोमा आयोगबाट मिति २०७३ कार्तिक ४ मा न्यूनतम ८ देखि अधिकतम ११ वटा स्थानीय तह प्रस्ताब गर्न संशोधित मापदण्ड प्राप्त भएको थियो । पुर्नसंरचना सम्वन्धमा सरोकारवालाहरुसंग विभिन्न चरणमा औपचारिक/अनौपचारिक छलफलहरु गरिएको थियो । समितिलाई विभिन्न क्षेत्रबाट लिखित तथा मौखिक सुझावहरु प्राप्त भएको थियो । प्राप्त सुझावमध्ये काठमाण्डौं उपत्यकालाई एउटै स्थानीय सरकार (मेट्रो) बनाइनु पर्छ भन्ने विकल्पमा सबै राजनैतिक दलहरुको सहमति रहेको छ । सबै दलहरुको सर्वसम्मति रहेको भएतापनि प्राविधिक समितिलाई त्यस्तो बिकल्प सिफारिश गर्ने कार्यादेश नभएकाले त्यसलाई सुझावका रुपमा मात्र प्रस्तुत गरिएको छ ।

विभिन्न पक्षबाट प्राप्त भएका सुझाव तथा आयोगबाट प्राप्त मापदण्ड समेतका आधारमा मुख्य रुपमा २ वटा विकल्प सहित यो प्रतिबेदन तयार गरिएको छ । ती बिकल्पमा १) काठमाण्डौंमा ११ वटा स्थानीय तह (नगरपालिका/गांउपालिका) कायम गर्ने । २) काठमाण्डौंमा ९ वटा स्थानीय तह (नगरपालिका) कायम गर्ने भन्ने रहेको छ ।

प्रस्तावित नगरपालिकामा रहने वडा सम्वन्धी विवरण अनुसूचीमा समावेश गरिएको छ । काठमाडौं महानगरपालिकामा ३५ वटा वडा कायम राख्न पर्याप्त जनसंख्या रहेको तर वडाहरूको जनसंख्या भने असमान पाइएको छ । अन्य केही नगरपालिकामा पनि घनावस्ती भएका वडाको जनसंख्या अरू वडाको तुलनामा निकै वढी पाइएको छ । प्राविधिक समितिलाई प्राप्त कार्यादेश तथा अन्य सीमाहरूको कारण त्यसलाई यथावत राखी आयोगसमक्ष पेश गरिएको छ ।

पुनः संरचना प्रस्ताव तयार गर्ने क्रममा व्यवस्थापिका संसदमा काठमाडौं जिल्लावाट प्रतिनिधित्व गर्नुहुने माननीय सांसदज्यूहरु, जिल्लामा क्रियाशिल राजनैतिक दलका नेतागण, कार्यकारी अधिकृतज्यूहरु, जि.वि.स.वाट संलग्न रहनुभएका कर्मचारीहरु, प्राविधिक समितिका सदस्यहरु, संचारकर्मी, नागरिक समाजका अगुवा एवं अन्य महानुभावहरुवाट प्राप्त सल्लाह, सुझाव र योगदानका लागि हर्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

स्था.वि.अ. गोपाल कुमार अधिकारी
संयोजक
स्थानीय तह पुनःसंरचना प्राविधिक सहयोग समिति, काठमाडौं ।

पृष्ठभूमि :

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति च.नं. १५४ मिति २०७३/०१/०२ को पत्रानुसार स्थानीय तह पुनःसंरचना प्राविधिक सहयोग समिति गठन गरिएको सम्वन्धमा काठमाडौं जिल्लाको स्थानीय तह पुनःसंरचनाका लागि निम्नानुसारको पदाधिकारी चयन गरी कार्य प्रारम्भ गरिएको र मिति २०७३ भाद्र २७ मा आयोगमा प्रारम्भिक प्रतिवेदन वुझाईसकिएको । आयोगको संशोधित मापदण्ड तथा कार्यशर्त प्राप्त भएपश्चात पुन छलफल गरी यस प्रतिवेदन तयार गरिएको छ ।

काठमाडौं जिल्लाको स्थानीय तह पुनःसंरचना प्राविधिक सहयोग समितिका पदाधिकारीहरु :

संयोजक : गोपाल कुमार अधिकारी

स्थानीय विकास अधिकारी, जि.वि.स. काठमाडौं ।

सदस्य : अरुण सापकोटा, प्रशासकिय अधिकृत

प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, काठमाडौं ।

सदस्य : समर वहादुर खनाल, प्रमुख जिल्ला ईन्जिनियर

जिल्ला प्राविधिक कार्यालय, काठमाडौं ।

सदस्य : पद्मनिधि सोती, प्रमुख मालपोत अधिकृत

मालपोत कार्यालय, डिल्लीवजार, काठमाडौं ।

सदस्य : प्रतिनिधि, नापी कार्यालय

सदस्य : सुरेन्द्र अधिकारी, सहायक वन अधिकृत

प्रतिनिधि, जिल्ला वन कार्यालय, काठमाडौं ।

सदस्य : रामवन्धु रेग्मी, प्रमुख

शाखा तथ्यांक कार्यालय, काठमाडौं ।

सदस्य सचिव : राजेश पन्थी, योजना अनुगमन तथा प्रशासकिय अधिकृत, प्रविण प्याकुरेल, वरिष्ठ सूचना अधिकृत, जि.वि.स.को कार्यालय, काठमाडौं ।

जिल्लाको संक्षिप्त परिचय

काठमाडौंको ऐतिहासिक पृष्ठभूमितर्फ नियाल्दा लिच्छविकालको पूर्वाद्धसम्म यस भूमिको नाम काठमाडौं थिएन । त्यसताकासम्म नेपाल उपत्यका, पशुपति क्षेत्र, मन्जुपतन आदि नाम रहेको अडकल लगाइएको पाइन्छ । वि.सं. १०४३ तिर प्रसिद्ध लिच्छवी राजा गुणकामदेवले यस क्षेत्रमा यो शहरको विकास गरेपछि यहांको नाम काष्ठमण्डप रहन गएको हो भन्ने भनाई छ । अर्को भनाई अनुसार वि.सं. १२०० तिर काठमाण्डौं शहरको दक्षिण पश्चिम भागमा एउटा ठूलो रुखवाट काठैकाठको सत्तल वनेको हुंदा यसको नाम

काष्ठमण्डप रहन गएको हो । संस्कृत शब्द काष्ठमण्डपको नेपाली रुपान्तरण काठमाडौं भएकोले पछि यस क्षेत्रलाई काठमाडौं भनिन थालियो, तर मल्लकालमा यसलाई कान्तिपुर पनि भनिन्थ्यो । यसरी संक्षेपमा यो क्षेत्रको नाम विभिन्न समयमा विभिन्न रुपले बदलिंदै काठमाडौं हुन आएको हो भन्न सकिन्छ ।

पशुपतिनाथ, स्वयम्भुनाथ, बूढानीलकण्ठ, गुह्येश्वरी, बज्रयोगिनी आदि देवीदेवताहरु भएको यस पवित्र भूमि प्राचीनकालदेखि नै एक सुसंगठित समृद्धशाली शहरको रुपमा विकसित हुंदै आएको छ । नेपाली कला संस्कृति, साहित्य आदि क्षेत्रलाई अक्षुण्ण राख्ने कार्यमा काठमाडौं जिल्लाको भूमिका उल्लेखनीय छ । काठमाडौं जिल्लामा मनाईने विभिन्न जात्रा, पर्वआदीलाई हेर्ने हो भने यसको सास्कृतिक पक्ष अनुपम रहेको पाईन्छ ।

काठमाडौं जिल्ला हाल गा.वि.स. विहिन रहेकोछ । गाबिस बिहिन हुनुपुर्व १ महानगरपालिका, १ नगरपालिका र ५७ वटा गा.वि.स.हरु रहेको थियो । नयां नगरपालिका गठनसंगै ५७ वटा गा.वि.स.हरु मिलाएर थप ९ वटा नगरपालिका गठन भएपश्चात यस जिल्लामा १ महानगरपालिका र १० वटा नगरपालिका रहेको छ ।

भौगोलिक अवस्थिति

विवरण	
अक्षांस	२७°२७'देखि२७°४९' उत्तरी अक्षांश
देशान्तर	८५°१०'देखि८५°३२'पूर्वी देशान्तर
प्रदेश नं.	३
विकास क्षेत्र	मध्यमान्चल
अंचल	वाग्मती
सदरमुकाम	काठमाडौं
औसत उचाई	१३०० मिटर (१२६२ मि. देखी २७३२ मि.)

जिल्ला सिमाना

विवरण	सिमाना
पूर्व	भक्तपूर तथा काभ्रेपलाञ्चोक
पश्चिम	धादिङ्ग तथा नुवाकोट
उत्तर	नुवाकोट र सिन्धुपाल्चोक
दक्षिण	ललितपुर तथा मकवानपुर

राजनैतिक/प्रशासनिक विभाजन

विवरण	संख्या
निर्वाचन क्षेत्र संख्या	१०
ईलाका संख्या	१५

महानगरपालिका संख्या	१
नगरपालिका संख्या	१०

जनसंख्या विवरण

विवरण	वि.स. २०३८	वि.स. २०४८	वि.स. २०५८	वि.स. २०६८
जम्मा घरधुरी संख्या	६७९३३	१२७१९६	२३५३८७	४३६३४४
कुल जनसंख्या	४,२२,२३७	६,७५,३४१	१०,८१,८४५	१७४४२४०
महिला	१९४३०३	३२४०२५	५०५८३५	८३१२३९
पुरुष	२२७९३४	३५१३१६	५७६०१०	९१३००१
साक्षरता प्रतिशत	५०	७०	७७.१	८६.३
जनघनत्व	१०६९	१७१०	२७३९	४४१६
औसत परिवार संख्या	६.२	५.३	५	४
वार्षिक जनसंख्या वृद्धीदर			४.२	४.९

स्रोतः केन्द्रिय तथ्याङ्क विभाग

नगरपालिका	क्षेत्रफल(वर्ग कि.मी.)	जम्मा जनसंख्या
शंखरापुर Shankharapur	६०।२	२५३३८
कागेश्वरी मनहरा Kageshwori Manahara	२७।५	६०२३७
गोकर्णेश्वर Gokarneshwor	५८।५	१०७३५१
बुढानिलकण्ठ Budanilkantha	३५	१०७९१८
टोखा Tokha	१६।९	९९०३२
तारकेश्वर Tarakeshwor	३४।९	८१४४३
नागार्जुन Nagarjun	२९।८	६७४२०
चन्द्रागिरी Chandragiri	४३।९	८५१९८
दक्षिणकाली Daxinkali	४२।६	२४२९७
कीर्तिपुर Kirtipur	१५	६५६०२
काठमाडौं महानगरपालिका KMC	५०।७	९७५४५३
जम्मा Total	४१५	१६९९२८९
संस्थागत Institutional		४४९५१
कुल जम्मा Total Ktm District	**४१५**	**१७४४२४०**

काठमाडौं जिल्लाको स्थानीय निकायको पुर्नसंरचना गर्न गठित प्राविधिक समितिलाई प्राप्त परिमार्जित कार्यशर्त तथा कार्यविधिका मुख्य वुंदाहरू :

१. काठमाडौं जिल्लामा कम्तिमा ८ वटा र वढीमा ११ वटा स्थानीय निकाय प्रस्ताव गर्नुपर्ने ।
२. नगरपालिकामा अन्य तोकिएका पूर्वाधारको अतिरिक्त जनसंख्या न्यूनतम ६०,००० हुनुपर्ने, उपमहानगरपालिका वनाउने भए अन्य तोकिएका पूर्वाधारका अतिरिक्त जनसंख्या न्यूनतम १ लाख ५० हजार हुनुपर्ने ।
३. नगरपालिकाको वडाको जनसंख्या (±१५%) हुने गरी प्रस्ताव गर्नुपर्ने ।

४. साविकको वडाहरूलाई टुक्र्याउन नहुने ।
५. वडा संख्या निर्धारण गर्दा कुल जनसंख्यालाई ६४०० ले भाग गरी हुन आएको संख्यालाई कायम गर्ने शेष ३२०० भन्दा वढी रहेमा एउटा संख्या थप गर्न सकिने ।

प्राविधिक समितिलाई ध्यानाकर्षण गराईएका विषय/सुझावहरु

पुनः संरचनाको सम्वन्धमा जिल्लामा क्रियाशिल राजनैतिक दलहरु, जिल्लावाट व्यवस्थापीका संसदमा प्रतिनिधत्व गर्नुहुने माननीय सांसदहरु, स्थानीय राजनैतिक दल एवं अन्य सरोकारवालाहरुसंग भएका औपचारिक, अनौपचारिक छलफल तथा अन्तरक्रियामा प्राविधिक समितिले पुनः संरचना प्रस्ताव गर्दा मध्यनजर गर्नुपर्ने विषयहरुमा सम्वन्धित पक्षवाट समितिको ध्यानाकर्षण गराईएको थियो । ती मध्ये मुख्य मुख्य सुझाव निम्न बमोजिम रहेका छन् ।

१. काठमाडौं उपत्यका राजधानी शहर रहेकोले यसलाई एउटै स्थानीय तह अर्न्तगत समेट्न उपयुक्त हुने । सिङ्गो उपत्यकालाई एउटै स्थानीय तह (मेट्रो) वनाई त्यस अर्न्तगतका वडाहरुलाई नगरपालिका सरहको हैसियत प्रदान गर्नु सर्वोत्तम विकल्प हुने ।
२. काठमाडौं जिल्लामा विगतमा १ महानगरपालिका, १ नगरपालिका र ५७ वटा गा.वि.स.हरु रहेकोमा करिव २ वर्ष पहिले मात्र नयाँ नगरपालिकाहरु गठन भएको । उक्त क्रममा काठमाडौंका तत्कालीन सवै गाविसहरुलाई मिसाएर ९ वटा थप नगरपालिका वनाईएपछि हाल जम्म ११ वटा महा/नगरपालिका रहेको । यसरी केही समय पहिले मात्र पुनः संरचना गरी ११ वटा स्थानीय निकाय वनाईएको र हाल आयोगले दिएको अधिकतम सिमा पनि ११ वटा नै रहेकाले हाल कायम रहेका स्थानीय निकायहरुलाइ यथावत राखी आयोगको मापदण्ड वमोजिम वडाहरुको संख्या निर्धारण गरी सोको आधारमा वडाहरुको सिमाकंन मात्र गरिनुपर्ने ।
३. हाल कायम रहेका ११ वटा नगरपालिका मध्ये शंखरापुर र दक्षिणकाली नगरपालिकामा हालको मापदण्ड बमोजिम नगरपालिका वन्न जनसंख्या मात्र नपुग रहेको । अन्य पूर्वाधारहरु पर्याप्त रहेको, हाल उक्त क्षेत्रमा वस्ती विस्तार हुने क्रम त्रीव रहेको, ती दुई नगरपालिका क्षेत्रफलको आधारमा हालका अरु धेरै नगरपालिका भन्दा ठूला रहेका, भौगोलिक हिसावमा ती दुई नगरपालिकाको अधिकाशं भूभाग पहाडी रहेको, ऐतिहासिक एवं सास्कृतिक हिसावले समेत ती दुई नगरको छुट्टै पहिचान रहेकाले पुनः संरचना गर्दा यसलाई यथावत राखिनु पर्ने ।
४. भखरै मात्र गाविसहरु जोडेर नगरपालिकाहरु वनाईएकोले पुनः संरचना गर्दा साविकका प्रत्येक गा.वि.स.मा कम्तिमा एकवटा वडा कायम गरिनुपर्ने ।
५. आयोगले तोकेको मापदण्ड भित्र रहेर नगरपालिका प्रस्ताव गरिनु पर्ने । गाउँपालिका बनाउने कुरा सान्दर्भिक हुदैन ।
६. विगतमा काठमाडौंमा १५ वटा ईलाकाहरु रहेकोमा हाल ११ वटा मात्र नगरपालिका कायम रहेकाले हालको संख्या यथावत राख्न उपयुक्त हुने ।
७. काठमाडौं महानगरपालिकाका वडाहरुमा जनसंख्याको वितरण असाध्यै असमान (३४८६ देखि ८४४४१ सम्म) रहेकोले पुनःसंरचनाको क्रममा त्यसतर्फ समेत ध्यान दिनुपर्ने ।

आयोगवाट प्राप्त मापदण्डको आधारमा निर्माण हुन सक्ने स्थानीय तहहरुको संख्या

क) काठमाडौं जिल्लामा नगरपालिका मात्र वँनाउदा

महानगरपालिकालाई यथावत राखी वाँकी रहेका १० वटा नगरापालिकाहरुमा आयोगले तोकेका सवै मापदण्डहरु पूरा गरी पुनः संरचना गर्दा काठमाडौं जिल्लामा महानगरपालिका सहित ९ वटा नगरपालिका निर्माण हुन सक्ने ।

(तर हाल ११ वटा नगरपालिका कायम भैसकेकोले शंखरापुर र दक्षिणकाली लाई अन्य नगरपालिकाहरुमा नमिसाई छुट्टै नगरपालिका कायम नै राख्नुपर्ने भन्ने उक्त नगरपालिकाहरुको सर्वदलिय वैठकको निर्णय प्राप्त भएको ।)

ख) काठमाडौं जिल्लामा नगरपालिका र गाँउपालिका समेत वँनाउदा

शंखरापुर र दक्षिणकाली नगरपालिकाको भुगोललाई पहाडी भू–भागको रुपमा लिई पुनः संरचना गर्दा ती दुई नगरपालिकाहरुमा गाँउपालिकाको लागि आवश्यक पर्ने न्यूनतम जनसंख्या पुग्ने देखिन्छ । यी दुईवटालाई गाँउपालिकाको रुपमा कायम राख्दा काठमाडौं जिल्लामा एउटा महानगरपालिका, ८ वटा नगरपालिका र २ वटा गाउँपालिका गरी जम्मा ११ वटा ईकाई निर्माण हुन सक्ने ।

(तर हाल ११ वटा नगरपालिका कायम भैसकेकोले शंखरापुर र दक्षिणकालीलाई पनि नगरपालिका नै कायम गर्नुपर्ने भन्ने उक्त नगरपालिकाको सर्वदलिय वैठकको निर्णय प्राप्त भएको ।)

काठमाडौं जिल्लाको स्थानीय तहको संख्या तथा सिमाना सम्वन्धमा प्रस्ताव गरिएका विकल्पहरु :

विकल्प नं. १

(हाल कायम रहेको ११ वटा नगरपालिकाहरूलाई यथावत राखि वडाहरूको सिमाकंन मात्र मापदण्ड बमोजिम मिलाउने ।)

(यस विकल्पमा शंखरापुर र दक्षिणकालीलाई नगरपालिका कायम गर्न आयोगले तोकेको अन्य पूर्वाधारहरू पूरा हुने तर जनसंख्या भने नपुग्ने अवस्था रहेको । यसमा ने.क.पा माओवादी केन्दको फरक मत रहेको अन्य राजनैतिक दलहरूको समर्थन रहेको ।)

आयोगले तोकेको वडामा हुनुपर्ने न्यूनतम जनसंख्या(प्रतिवडा ६४००) को आधारमा वडासंख्या पुनवरालोकन गर्दा उल्लेखित विकल्प अनुसार देहाय बमोजिम हुने देखिन्छ :

** नगरपालिका/गाउंपालिका	जम्मा जनसंख्या	हाल रहेको वडा संख्या	अव कायम हुने अधिकतम वडा संख्या
शंखरापुर	२५३३८	१५	६ देखि ९*
कागेश्वरी मनहरा	६०२३७	१६	९
गोकर्णेश्वर	१०७३५१	१६	१७
बुढानिलकण्ठ	१०७९१८	१९	१७
टोखा	९९०३२	१५	१५
तारकेश्वर	८१४४३	२१	१३
नागार्जुन	६७४२०	१४	११
चन्द्रागिरी	८५१९८	२५	१३
दक्षिणकाली	२४२९७	१५	६ देखि ९*
कीर्तिपुर	६५६०२	१९	१०
काठमाडौं महानगरपालिका	९७५४५३	३५	३५
जम्मा	**१६९९२८९**	**२१०**	**१५८**

* जनसंख्याको मापदण्ड पूरा गर्दा यी नगरपालिका/गाउंपालिकामा ४/४ वटा वडा र साविकका प्रत्येक गाविसमा कम्तिमा एक वडा कायम गर्दा ६/६ वटा वडा वन्न सक्ने भएतापनि गाउंपालिका कायम भएमा न्यूनतम ५ वटा र नगरपालिका कायम भएमा न्यूनतम ९ वटा वडा हुनुपर्ने भएकाले सोही बमोजिम प्रस्ताव गरिएको ।

** आयोगले दिएको कार्यादेशमा काठमाण्डौं उपत्यकामा गाउंपालिका बनाउनु पर्दा पूरा गर्नु पर्ने मापदण्ड उल्लेख नभएको र हाल कायम नगरपालिका मध्ये दक्षिणकाली र शंखरापुरमा नगरपालिका बन्न आवश्यक अन्य पूर्वाधार पुगेको तर जनसंख्या भने तोकिए बमोजिम नभएको साथै नगरपालिका कायम भै सकेकाले सोहि कायम राखिनु पर्ने भन्ने स्थानीय माग र केहि प्रमुख दलहरूको मत समेत रहेकाले ११ वटा स्थानीय निकाय प्रस्ताव गर्दा ती दुईवटा लाई नगरपालिका वा गाउपालिका के नाम दिने भन्ने सम्बन्धमा प्राविधिक समितिले निर्णय गर्न नसकेकाले गाउपालिका/नगरपालिका उल्लेख गरिएको ।

विकल्प नं. २

(हाल कायम रहेको नगरपालिकाहरू मध्ये शंखरापुर नगरपालिका र दक्षिणकाली नगरपालिकामा आयोगले तोकेको मापदण्ड वमोजिमको न्यूनतम जनसंख्या नभएकोले मापदण्ड पुरा नगरी नगरपालिका गर्न नहुने । यी दुईवटा नगरपालिकालाई क्रमशः कागेश्वरी मनहरा र कीर्तिपुर नगरपालिकासंग मिलाई काठमाडौंमा कुल ९ वटा नगरपालिका कायम गरिनुपर्ने । यो विकल्पमा नेकपा माओवादी केन्द्रको सहमति रहेको तर अन्य दलहरूबाट भने विकल्प १ प्रस्ताव भएको ।

आयोगले तोकेको वडामा हुनुपर्ने न्यूनतम जनसंख्या (प्रति वडा ६४००) को आधारमा वडासंख्या पुनवरालोकन गर्दा उल्लेखित विकल्प अनुसार देहाय बमोजिम हुने देखिन्छ :

क्र.स.	नगरपालिका	जम्मा जनसंख्या	अव कायम हुने अधिकतम वडा संख्या
१	शंखरापुर र कागेश्वरी मनहरा	८५५७५	१३
२	गोकर्णेश्वर	१०७३५१	१७
३	बुढानिलकण्ठ	१०७९१८	१७
४	टोखा	९९०३२	१५
५	तारकेश्वर	८१४४३	१३
६	नागार्जुन	६७४२०	११
७	चन्द्रागिरी	८५१९८	१३
८	दक्षिणकाली र कीर्तिपुर	८९८९९	१४
९	काठमाडौं महानगरपालिका	९७५४५३	३५
	जम्मा	१६९९२८९	१४८

प्राविधिक समितिको राय :

१. उपत्यकालाई एउटै स्थानीय तह (मेटो) वनाउने विषयमा मात्र सवै राजनैतिक दलहरूको सहमती रहेको । माथि पेश गरिएका विकल्पहरूमा सवै दलको सर्वसम्मत हुन नसकेको । विभिन्न २ वटा विकल्पहरू प्रत्येकमा केहि दलहरूको सहमति र केहि दलहरूको फरक मत रहेको छ ।

२. सवै दलहरूको सहमति रहेको भएतापनि प्राविधिक समितिलाई प्राप्त कार्यादेशमा ८ भन्दा कम स्थानीय तहको संख्या प्रस्ताव गर्न सक्ने अधिकार नभएकाले उपत्यका मेटो (काठमाडौं उपत्यकाका तीनवटै जिल्लालाई मिलाएर एउटा मात्र ईकाई वनाउने) वनाउने कुरालाई माथिका विकल्पहरूमा समावेश नगरिएको ।

३. आयोगले दिएको कार्यादेशमा काठमाण्डौं उपत्यकामा गाउपालिका बनाउनु पर्दा पूरा गर्नु पर्ने मापदण्ड उल्लेख नभएको र हाल कायम नगरपालिका मध्ये दक्षिणकाली र शंखरापुर मा नगरपालिका बन्न आवश्यक अन्य पूर्वाधार पुगेको तर जनसंख्या भने तोकिए बमोजिम नभएको साथै नगरपालिका कायम भै सकेकाले सोहि कायम राखिनु पर्ने भन्ने स्थानीय माग र केहि प्रमुख दलहरूको मत समेत रहेकाले ११ वटा स्थानीय निकाय प्रस्ताव गर्दा ती दुईवटा लाई नगरपालिका वा गाउपालिका के नाम दिने भन्ने सम्बन्धमा प्राविधिक समितिले निर्णय गर्न नसकेकाले गाउपालिका/नगरपालिका उल्लेख गरिएको ।

४. उल्लेखित २ वटा विकल्पहरू मध्ये जुन विकल्प आयोगले स्वीकृत गर्छ, सोका आधारमा वडाको सिमांकन, नामांकन लगायतका वांकी काम यथाशिघ्र टुङ्ग्याईने छ ।

५. काठमाडौं महानगरपालिकाको हाल कायम वडाहरूमा जनसंख्याको वितरण अत्यन्तै असमान रहेको पाइएको । वडा टुक्राउन नपाइने प्रावधान तथा कायम रहेका साना वडाहरू जोड्दा (Merge) हालको वडा संख्या घट्न सक्ने अवस्था छ । हाल कायम जनसंख्याको आधारमा वडा संख्या ३५ कायम हुने नै देखिन्छ । तर वडा नटुक्राउने प्रावधानकाकारण सो संख्या कायम गर्न सकिन्न । Core area का साना वडाहरूलाई Merge गर्न पूर्व सामाजिक, सांस्कृतिक पहिचानलाई विशेष ध्यान दिनुपर्छ भन्ने आवाज रहेको सन्दर्भमा महानगरका वडाहरूको पुर्नसंरचना गर्न छुट्टै समिति/आयोग गठन गरिनु पर्ने हुन्छ । महानगरका वडाहरूमा रहेको जनसंख्याको विवरण अनुसूचीमा संलग्न छ ।

६. प्रस्तावित गोकर्णेश्वर र बुढानिलकण्ठ नगरपालिकाको जनसंख्यालाई वडाको लागि आवश्यक पर्ने न्यूनतम जनसंख्याले भाग गर्दा कायम हुन सक्ने वडा संख्या १७/१७ भएतापनि हाल प्रस्तावित वडा संख्या क्रमशः १५ र १५ रहेको छ । ती नगरपालिकाका केही वडामा घना जनसंख्या रहेको तथा केही वडामा न्यून जनसंख्या रहेको साथै वडाहरू टुक्र्याउन नपाईने कार्यादेशका कारण यस्तो हुन गएको हो । प्रस्तावित नगरपालिकाहरूको लागि मापदण्ड वमोजिम नै वडा संख्या कायम गरिएको भएतापनि प्रस्तावित केही वडाको सिमाकंनको सवालमा भने सामान्य पुनरावलोकन गर्नुपर्ने हुन सक्छ ।यसका लागि आयोगवाट यस जिल्लाको स्थानीय तहको संख्या र प्रकार एकिन हुनासाथ वडाहरूको सिमाकंन सम्पन्न गर्न सम्वन्धित नगरपालिकाका कार्यकारी अधिकृत र जिल्ला विकास समितिका अधिकृत प्रतिनिधि रहेको सहजीकरण टोली गठन गरिएको छ ।

७. काठमाडौ उपत्यकाको एकिकृत विकास सम्वन्धि कार्यको लागि उपत्यकाका तीनवटा जिल्ला विकास समिति तथा उपत्यकामा रहेका २२ वटै नगरपालिकाहरू र सरोकारवाहरूको भेला तथा छलफलवाट **गोदावरी घोषणा, २०७२** जारी भएको छ । उक्त घोषणा बमोजिम काठमाडौं उपत्यकाको ऐतिहासिक, सास्कृतिक पहिचानलाई कायम राख्दै, उपत्यकालाई आधुनिक, प्रविधिमैत्री, लैगिंकमैत्री, सुरक्षित, शान्त, स्वच्छ, सफा र पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न काठमाडौ उपत्यकालाई स्वायत्त उपत्यका मेट्रो क्षेत्र को रूपमा पूनः संरचना गर्ने परिकल्पना गर्दै सो अनुरूपको राजनीतिक, कानुनी तथा व्यवस्थापिका प्रवन्ध गर्नका लागि व्यवस्थापिका संसद, नेपाल सरकार, संघीय, मामिला तथा स्थानीय विकास मन्त्रालय, उपत्यकावाट निर्वाचित जनप्रतिनिधिहरू, स्थानीय सरकारका संघ महासंघहरू र सम्वद्ध अन्य निकाय तथा सरोकारवालाहरूलाई विशेष रूपमा पहल गर्न अनुरोध गरिएको । सोही अनुरूप उपत्यका मेट्रो वनाउन बहस अगाडि बढाउदा काठमाडौं जिल्लामा रहेका सम्पूर्ण राजनैतिक दलहरू, माननीय सांसदज्यूहरू र सरोकारवालाहरूवाट समेत यसमा समर्थन रहेको छ । यसको लागि ललितपुर जिल्ला र भक्तपुर जिल्लाको समेत सहमती आवश्यक पर्ने देखिन्छ । यस्तो सहमति जुट्न सकेमा यो विकल्पमा छलफल गर्न उपयुक्त हुने प्रस्ताव गरिएको छ । यदि यो विकल्प अगाडी वढाउन उपयुक्त देखिएमा त्यस अर्न्तगत कस्ता ईकाइ कतिवटा रहने ? जिल्ला समन्वय समिति गठन कसरी हुने ? यस्तो उपत्यका मेट्रोबाट राष्ट्रिय सभा सदस्य निर्वाचनको मतदाता कतिजना(को को) हुने? आदि विषयमा उच्च राजनैतिक तहमा छलफल भई आवश्यक निर्णय हुन आवश्यक देखिन्छ ।

अनुसूची १

प्रस्तावित शंखरापुर नगरपालिका/गाँउपालिका

क) प्रस्तावित नगरपालिकाको पृष्ठभूमि - हाल कायम रहेको शंखरापुर नगरपालिकालाई यथावत राखि नगरपालिका/गाँउपालिका प्रस्ताव गरिएको ।

ख) प्रस्तावित नगरपालिका/गाँउपालिकाको संक्षिप्त परिचय -

नाम :**शंखरापुर नगरपालिका/गाँउपालिका**

क्षेत्रफल :६०.२ वर्ग कि.मी.

केन्द्र : साँखु

वडा संख्या : ६

जनसंख्या (२०६८ को जनगणना मुताविक) : २५३३८

जनघनत्व :

आन्तिरिक आम्दानी (आ.व. ०७१/७२ को) : रु. १,३१,३०,५८९

ग) सिमाना :

१) पूर्व : सिन्धुपाल्चोक

२) पश्चिम : कागेश्वरी मनहरा नगरपालिका

३) उत्तर : सिन्धुपाल्चोक जिल्ला

४) दक्षिण : भक्तपुर जिल्ला

घ) प्रस्तावित वडा विभाजन :

नगरपालिकाको नाम	हाल कायम रहेको वडा संख्या	अव कायम हुने वडा संख्या
शंखरापुर	१५	६ देखि ९

प्रस्तावित वडा विभाजन (शंखरापुर गांउपालिका कायम भएमा)

प्रस्तावित वडा विभाजन (शंखरापुर गांउपालिका कायम भएमा)

नंया वडा नं.	समावेश हुने वडाहरू	जम्मा जनसंख्या
१	शंखरापुर १, २	४०४७
२	शंखरापुर ३, ५	३८९६
३	शंखरापुर४,१२	३८३९
४	शंखरापुर६,७	३०४०
५	शंखरापुर८,१०	३१४९
६	शंखरापुर९,११	३०३८
७	शंखरापुर १३,१४,१५	४३२९
जम्मा		२५३३८

प्रस्तावित वडा विभाजन (शंखरापुर नगरपालिका कायम भएमा)

नंया वडा नं.	समावेश हुने वडाहरू	जम्मा जनसंख्या
१	शंखरापुर १,२	४०४७
२	शंखरापुर ३	१८६०
३	शंखरापुर ५	२०३६
४	शंखरापुर ४	२२०६
५	शंखरापुर ६, ७	३०४०
६	शंखरापुर ८,१०	३१४९
७	शंखरापुर ९,११	३०३८
८	शंखरापुर १२,१३	२६०१
९	शंखरापुर १४,१५	३३६१
जम्मा		**२५३३८**

ङ) शहरी पूर्वाधार सम्बन्धी अवस्था :

खेलकूद मैदान				
सि.नं.	**स्थान**		**क्षेत्रफल**	**कैफियत**
१	लप्सेफेदी	जर्सिङ्गपौवा		
२	नाङ्गलेभारे	पटाप		
३	सुन्टोल	शलम्वुटार		

पार्क/उद्यान				
सि.नं.	**स्थान**		**क्षेत्रफल**	**कैफियत**
१	पुखुलाछी	सलम्वु पार्क		
२	लप्सेफेदी	जरसिंहपौवा पार्क		

बस पार्क				
सि.नं.	**स्थान**		**क्षेत्रफल**	**कैफियत**
१	साँखु	सांखु वसपार्क		
२	नाङ्गलेभारे	नाङ्गलेभारे वसपार्क		
३	लप्सेफेदी	जर्सिङ्गपौवा वसपार्क		
४				

शवदाहको अवस्था र सम्भाव्यता			
सि.नं.	**स्थान**		**कैफियत**
१	वज्रयोगिनी	वज्रयोगिनी	
२	इन्द्रायणी	इन्द्रायणी घाट, मनमत्ता खोला	
पर्यटकिय स्थल			
सि.नं.	**स्थान**		**कैफियत**
१	वज्रयोगिनी	वज्रयोगिनी मन्दिर	
२	सुन्टोल	शालीनदी	
३	लप्सेफेदी	जर्सिङ्गपौवा	
४	पुखुलाछी	शलम्वु वन	
५	इन्द्रायणी	इन्द्रायणी मन्दिर, इन्द्रायणी वन	

प्रस्तावित कागेश्वरी मनहरा नगरपालिका

क) प्रस्तावित नगरपालिकाको पृष्ठभूमि - हाल कायम रहेको कागेश्वरी मनहरा नगरपालिकालाई यथावत राखि प्रस्ताव गरिएको ।

ख) प्रस्तावित नगरपालिकाको संक्षिप्त परिचय -

नाम : कागेश्वरीमनहरा

क्षेत्रफल : २७.५ वर्ग कि.मी.

केन्द्र : डाँछी

वडा संख्या : ९

जनसंख्या (२०६८ को जनगणना अनुसार) : ६०२३७

जनघनत्व :

आन्तिरिक आम्दानी (आ.व. ०७१/७२ को) :४०२१३८९१

ग) सिमाना :

१) पूर्व : शंखरापुर नगरपालिका

२) पश्चिम : गोकर्णेश्वर नगरपालिका

३) उत्तर : गोकर्णेश्वर नगरपालिका

४) दक्षिण : भक्तपूर जिल्ला

घ) प्रस्तावित वडा विभाजन :

नगरपालिकाको नाम	हाल कायम रहेको वडा संख्या	अव कायम हुने वडा संख्या
कागेश्वरी मनहरा	**१६**	**९**

प्रस्तावित वडा विभाजन (कागेश्वरी मनहरा नगरपालिका)

नंया वडा नं.	समावेश हुने वडाहरू	जम्मा जनसंख्या
१	कागेश्वरी मनहरा १,२,१४	५५३३
२	कागेश्वरी मनहरा ३,१५	३१५९
३	कागेश्वरी मनहरा ४,१६	२३८८
४	कागेश्वरी मनहरा ५,६	४९८७
५	कागेश्वरी मनहरा ७	६२५९
६	कागेश्वरी मनहरा ८,१२	१००३१
७	कागेश्वरी मनहरा ९,१०	८५३०
८	कागेश्वरी मनहरा ११	५७५०
९	कागेश्वरी मनहरा १३	१३६००
जम्मा		**६०२३७**

ङ) शहरी पूर्वाधार सम्बन्धी अवस्था :

खेलकूद मैदान				
सि.नं.	**स्थान**		**क्षेत्रफल**	**कैफियत**
१	मूलपानी	अन्तराष्ट्रिय क्रिकेट मैदान		

पर्यटकिय स्थल			
सि.नं.	**स्थान**		**कैफियत**
१	गागलफेदी	कागेश्वरी महादेव	

प्रस्तावित गोकर्णेश्वर नगरपालिका

क) प्रस्तावित नगरपालिकाको पृष्ठभूमि - हाल कायम रहेको गोकर्णेश्वर नगरपालिकालाई यथावत राखि नगरपालिका प्रस्थाव गरिएको ।

ख) प्रस्तावित नगरपालिकाको संक्षिप्त परिचय -

नाम :गोकर्णेश्वर

क्षेत्रफल : ५८.५ वर्ग कि.मी.

केन्द्र : जोरपाटी

वडा संख्या : १७

जनसंख्या (२०६८ को जनगणना अनुसार) : १०७३५१

जनघनत्व :

आन्तिरिक आम्दानी (आ.व. ०७१/७२ को) :७३६५५४८१

ग) सिमाना :

१) पूर्व :शंखरापुर न.पा.

२) पश्चिम :का.म.पा.

३) उत्तर : शिवपुरी राष्ट्रिय निकुन्ज

४) दक्षिण :का.म.पा

घ) प्रस्तावित वडा विभाजन :

नगरपालिकाको नाम	हाल कायम रहेको वडा संख्या	अव कायम हुने वडा संख्या
गोकर्णेश्वर	**१६**	**१७**

प्रस्तावित वडा विभाजन (गोकर्णेश्वर नगरपालिका)

प्रस्तावित वडा विभाजन (गोकर्णेश्वर नगरपालिका)

नंया वडा नं.	समावेश हुने वडाहरू	जम्मा जनसंख्या
१	गोकर्णेश्वर १, २,३	१८७२
२	गोकर्णेश्वर ४	२६२५
३	गोकर्णेश्वर ५	२५३१
४	गोकर्णेश्वर ६	२१०१
५	गोकर्णेश्वर ७	२२६७
६	गोकर्णेश्वर ८	३२००
७	गोकर्णेश्वर ९	३५४०
८	गोकर्णेश्वर १०	२१५१
९	गोकर्णेश्वर ११	१८१७
१०	गोकर्णेश्वर १२	२४५४४
११	गोकर्णेश्वर १३ मध्ये साविक जोरपाटी गाविसको वडा नं. ३ मात्र (भौगोलिक निरन्तरता नभएकाले वडा टुक्र्याउनु परेको ।)	१६२११

नंया वडा नं.	समावेश हुने वडाहरू	जम्मा जनसंख्या
१२	गोकर्णेश्वर १३ मध्ये साविक जोरपाटी गाविसको वडा नं. ४ मात्र (भौगोलिक निरन्तरता नभएकाले वडा टुक्र्याउनु परेको ।)	११७८८
१३	गोकर्णेश्वर १४	७१४३
१४	गोकर्णेश्वर १५	१८५८५
१५	गोकर्णेश्वर १६	६२९६
१६		
१७		
जम्मा		**१०७३५१**

ङ) शहरी पूर्वाधार सम्बन्धी अवस्था :

खेलकूद मैदान				
सि.नं.	**स्थान**	**खेलमैदान**	**क्षेत्रफल**	**कैफियत**
१	गोकर्णेश्वर	गोकर्णेश्वर मन्दिर परिसरको मैदान		

पार्क/उद्यान				
सि.नं.	**स्थान**	**पार्क**	**क्षेत्रफल**	**कैफियत**
१	गोकर्णेश्वर	शहिद निजामती पार्क		
२	गोकर्णेश्वर	उत्तरवाहिनी पिकनिक स्थल		
३	सुन्दरीजल	पावर हाउस, सुन्दरीजलपिकनिकस्थल		

बस पार्क				
सि.नं.	**स्थान**		**क्षेत्रफल**	**कैफियत**
१	सुन्दरीजल	सुन्दरीजल वसपार्क		
२	गोकर्णेश्वर	गोकर्णेश्वर हनुमानचोक वसपार्क		
३	गोकर्णेश्वर	भवगती मन्दिर वसपार्क		

शवदाहको अवस्था र सम्भाव्यता			
सि.नं.	**स्थान**		**कैफियत**
१	गोकर्णेश्वर	गोकर्णेश्वर घाट	

पर्यटकिय स्थल			
सि.नं.	**स्थान**	**स्थल**	**कैफियत**
१	सुन्दरीजल	नेपालको दोस्रो जलविद्युत आयोजना	
२	नयाँपाटी	वि.पि. संग्रहायलय	
३	गोकर्णेश्वर	उत्तरवाहिनी पिकनिकस्थल	
४	गोकर्णेश्वर	निजामती शहिद पार्क	
५	गोकर्णेश्वर	गोकर्णेश्वर मन्दिर	

प्रस्तावित बूढानिलकण्ठ नगरपालिका

क) प्रस्तावित नगरपालिका पृष्ठभूमि-

हाल कायम रहेको वुढानिलकण्ठ नगरपालिकालाई यथावत राखि नगरपालिका सिफारिश गरिएको छ ।

ख) प्रस्तावित नगरपालिकाको संक्षिप्त परीचय -

नाम:**बुढानिलकण्ठ नगरपालिका**

क्षेत्रफल : ३५ व.कि.मी

केन्द्र : महांकाल

वडा संख्या : १५

जनसंख्या (२०६८ को जनगणना अनुसार) : १०७९१८

आन्तरिक आम्दानी (आ .व. ०७१/७२ को):१४३७९१८३६

ग) सिमानाः

१) पूर्व : गोकर्णेश्वर नगरपालिका

२) पश्चिम : टोखा नगरपालिका

३) उत्तर :नुवाकोट जिल्ला

४) दक्षिण: काठमाण्डौ म.न.पा वडा ३ र ४

घ) प्रस्तावित वडा विभाजन :

नगरपालिकाको नाम	हाल कायम रहेको वडा संख्या	अव कायम हुने वडा संख्या
बुढानिलकण्ठ	१९	१५

प्रस्तावित वडा विभाजन

नंया वडा नं.	समावेश हुने वडाहरू	जम्मा जनसंख्या
१	बुढानिलकण्ठ १,२	६७४९
२	बुढानिलकण्ठ ३	४०७८
३	बुढानिलकण्ठ ४	५३७२
४	बुढानिलकण्ठ ५	५२०४
५	बुढानिलकण्ठ ६	४८४५
६	बुढानिलकण्ठ ७	४९७७
७	बुढानिलकण्ठ ८	५७८४

नंया वडा नं.	समावेश हुने वडाहरू	जम्मा जनसंख्या
८	बुढानिलकण्ठ९	३५१७
९	बुढानिलकण्ठ१०	५६५४
१०	बुढानिलकण्ठ११	८८२६
११	बुढानिलकण्ठ१२	२४०५०
१२	बुढानिलकण्ठ१३,१८	५३८२
१३	बुढानिलकण्ठ१४	१५९८४
१४	बुढानिलकण्ठ१५,१६,१७	४४४९
१५	बुढानिलकण्ठ१९	३०४७
जम्मा		**१०७९१८**

ङ) शहरी पूर्वाधार सम्बन्धी अवस्था

खेलकुद मैदान				
सि.नं.	**स्थान**	**छ छैन**	**क्षेत्रफल**	**कैफियत**
१	चपली भद्रकाली	छ	७ रोपनी अन्दाजी	
२	खड्का भद्रकाली	छ	-	
३	चुनिखेल गाम्चा	**छ**	५ रोपनी अन्दाजी	
४	महाँकाल	छ	५ रोपनी अन्दाजी	
५	विष्णु बुढानिलकण्ठ	छ		

पार्क/ उद्यान				
सि.नं.	**स्थान**	**छ छैन**	**क्षेत्रफल**	**कैफियत**
१	चुनिखेल	छ, टुपेक	१।५ रोपनी अन्दाजी	
२	महाँकाल	छ,	चिल्ड्रेन पार्क वडा नं ५	
३	विष्णु बुढानिलकण्ठ	छ		

बस पार्क				
सि.नं.	**स्थान**	**छ छैन**	**क्षेत्रफल**	**कैफियत**
१	चुनिखेल	छ		
२	महाँकाल	छ , संयुक्त वस पार्क		
३	विष्णु बुढानिलकण्ठ, मिलन चोक	छ		

शवदाहको अवस्था र सम्भाव्यता			
सि.नं.	**स्थान**		**कैफियत**
१	रुद्रेश्वर, वासिक, तौलुङ्ग च्यान डाँडा		
२	विष्णुमति घाट		
३	नौलिगेश्वरी घाट		

४	विष्णुमति घाट		
पर्यटकीय स्थल			
सि.नं.	**स्थल**		**कैफियत**
१	नागी गुम्बा, शिवपुरी तारे भिर		
२	एतिहासिक धंमपुर शहर		
३	नौलिङ भद्रकाली मन्दिर, टुपेक उद्यान र वडा नं.६ जंगल		
४	पार्क र उद्यान		
५	बुढानिलकण्ठ मन्दिर, विष्ण पादुका, शिबपुरी		

खानेपानीको अबस्था			
सि.नं.	**सविक गा.वि.स.को नाम**	**खानेपानी पहुँच अवस्था**	**कैफियत (श्रोत खुलाउने जस्तोः खोला कुवा, नल, कल आदि)**
१	विष्णु बुढानिलकण्ठ	मुहान पोखरी ,र शिवपुरी जंगलका मुहानहरु	ट्युवेल र इनार

खुल्ला क्षेत्र				
सि. न.	स्थान	क्षेत्रफल		कैफियत
१	चपली भद्रकाली	५० रोपनी अन्दाजी		
२	खड्का भद्रकाली	६० रोपनी अन्दाजी		
३	चुनिखेल	१०० रोपनी अन्दाजी		
४	महाँकाल	१०० रोपनी अन्दाजी		
५	विष्णु बुढानिलकण्ठ	सवै वडा	१५० रोपनी अन्दाजी	

प्रस्तावित टोखा नगरपालिका

क) प्रस्तावित नगरपालिकाको पृष्ठभूमि -

हाल कायम रहेको टोखा नगरपालिकालाई यथावत राखि टोखा नगरपालिका प्रस्ताव गरिएको छ ।

ख) प्रस्तावित नगरपालिकाको संक्षिप्त परिचय -

नाम :**टोखा नगरपालिका**

क्षेत्रफल : १६.९ व.कि.मि.

केन्द्र : टोखा/ग्रिनल्याण्ड

वडा संख्या : १५

जनसंख्या (२०६८ को जनगणना अनुसार) : ९९०३२

जनघनत्व :

आन्तिरिक आम्दानी (आ.व. ०७१/७२ को) : रु. ५८८९३९३५

ग) सिमाना :

१) पूर्व : वूढानिलकण्ठ न.पा.

२) पश्चिम : तारकेश्वर न.पा.

३) उत्तर : नुवाकोट जिल्ला

४) दक्षिण : का.म.पा.

घ) प्रस्तावित वडा विभाजन :

नगरपालिकाको नाम	हाल कायम रहेको वडा संख्या	अव कायम हुने वडा संख्या
टोखा	**१५**	**१५**

प्रस्तावित वडा विभाजन

नंया वडा नं.	समावेश हुने वडाहरू	जम्मा जनसंख्या
१	टोखा १	२१७६
२	टोखा २	१९२७
३	टोखा ३	१८८२
४	टोखा ४	२०७९
५	टोखा ५	२३१२
६	टोखा ६	२८४०
७	टोखा ७	५६९५
८	टोखा ८	७६२५
९	टोखा ९	८०६०
१०	टोखा १०	१००२६
११	टोखा ११	२९१३
१२	टोखा १२	१२९३६

नंया वडा नं.	समावेश हुने वडाहरू	जम्मा जनसंख्या
१३	टोखा १३	१६२८३
१४	टोखा १४	१०७३०
१५	टोखा १५	११५४८
जम्मा		**९९०३२**

ङ) शहरी पूर्वाधार सम्बन्धी अवस्था :

खेलकूद मैदान				
सि.नं.	**स्थान**	**खेलमैदान**	**क्षेत्रफल**	**कैफियत**
१	टोखा सरस्वती	भूतखेल चौर	१०९ रोपनी	
२	धापासी	श्री समाज	३ रोपनी	

पार्क/उद्यान				
सि.नं.	**स्थान**	**पार्क**	**क्षेत्रफल**	**कैफियत**
१	धापासी	सूर्य डांडा	७० रोपनी	
२	झोरमहांकाल	वौडेश्वर महादेवस्थान	२० रोपनी	
३	टोखा चण्डेश्वरी	गणेश पोखरी/टोखा चण्डेश्वरी मन्दिर	३० रोपनी	

ढल निकास व्यवस्था				
सि.नं.	**स्थान**	**निकास हुने स्थान**		**कैफियत**
१	टोखा सरस्वती	खोला		
२	धापासी	खहरे विष्णुमती		
३	झोरमहांकाल	खोला		
४	टोखा चण्डेश्वरी	खोला		

शवदाहको अवस्था र सम्भाव्यता			
सि.नं.	**स्थान**	**स्थल**	**कैफियत**
१	टोखा सरस्वती	भूतखेल चौर र विष्णुमती खोला	
२	धापासी	च्यासिनटोल	
३	झोरमहांकाल	मालुङ्ग, साङ्गलाको साङ्गलेखोला घाट/वौडु खोला घाट	
४	टोखा चण्डेश्वरी	सपनतिर्थ	

पर्यटकिय स्थल			
सि.नं.	**स्थान**	**स्थल**	**कैफियत**
१	टोखा सरस्वती	भूतखेल	
२	झोरमहांकाल	वौडेश्वर महादेवस्थान, भण्डारेस्थल, गुप्तेश्वर महादेलस्थल	
३	टोखा चण्डेश्वरी	सपनतिर्थ/टोखा चण्डेश्वरी मन्दिर	

प्रस्तावित तारकेश्वर नगरपालिका

क) प्रस्तावित नगरपालिकाको पृष्ठभूमि-

हाल कायम रहेको तारकेश्वर नगरपालिकालाई यथावत राखि **तारकेश्वर नगरपालिका** प्रस्तावित गरिएको छ ।

ख) प्रस्तावित नगरपालिकाको संक्षिप्त परिचय -

नाम :**तारकेश्वर**
क्षेत्रफल : ३४.९ वर्ग कि.मी.
केन्द्र : धर्मस्थली
वडा संख्या : १३
जनसंख्या (२०६८ को जनगणना मुताविक) : ८१४४३
जनघनत्व :
आन्तिरिक आम्दानी (आ.व. ०७१/७२ को) : रु. ८५४३३३६८

ग) सिमाना :

१) पूर्व : टोखा नगरपालिका
२) पश्चिम : नागार्जुन जङ्गल
३) उत्तर : नुवाकोट
४) दक्षिण : का.म.पा.

घ) प्रस्तावित वडा विभाजन :

नगरपालिकाको नाम	हाल कायम रहेको वडा संख्या	अव कायम हुने वडा संख्या
तारकेश्वर	२१	१३

प्रस्तावित वडा विभाजन

नंया वडा नं.	समावेश हुने वडाहरू	जम्मा जनसंख्या
१	तारकेश्वर १,२,३	३६२२
२	तारकेश्वर ४,५,६	४७७४
३	तारकेश्वर ७,८	५१३५
४	तारकेश्वर ९,	९०३१
५	तारकेश्वर ११	३०६८
६	तारकेश्वर १०,१२	४०७५
७	तारकेश्वर १३	२७८७
८	तारकेश्वर १४,१५	३७४३
९	तारकेश्वर १६,१७	४७९२
१०	तारकेश्वर १८	१०२८२
११	तारकेश्वर १९	७५४८

नंया वडा नं.	समावेश हुने वडाहरू	जम्मा जनसंख्या
१२	तारकेश्वर २०	९८५०
१३	तारकेश्वर २१	१२७३६
जम्मा		८१४४३

ङ) शहरी पूर्वाधार सम्बन्धी अवस्था :

फोहरमैला व्यवस्थापन/प्रशोधन केन्द्र				
सि.नं.	स्थान		क्षेत्रफल	कैफियत
१	मनमैंजु	मनमैंजु सरसफाई केन्द्र प्रा.लि.		

खेलकूद मैदान				
सि.नं.	स्थान	खेलमैदान	क्षेत्रफल	कैफियत
१	काभ्रेस्थली	ढव्वुको चौर	करीव २५ रोपनी	
२	मनमैंजु	खेल मैदान, शेषमती खेल मैदान,	करीव २५ रोपनी	
३	गोलढुंगा	गोलढुंगा खेल मैदान		

पार्क/उद्यान				
सि.नं.	स्थान	पार्क	क्षेत्रफल	कैफियत
१	काभ्रेस्थली	देवीस्थान शहिद स्मृति पार्क, वृहत शान्ति धाम पर्यटकीय क्षेत्र, मालिका माई सिम्लेश्वर मन्दिर		
२	मनमैंजु	सामुदायिक वन पार्क		
३	गोलढुंगा	गोलढुंगा भ्यू टावर, पुरानो गुह्येश्वरी मन्दिर		

बस पार्क				
सि.नं.	स्थान	बसपार्क	क्षेत्रफल	कैफियत
१	काभ्रेस्थली	ठाँटी वसपार्क		
२	मनमैंजु	शेषमती		
३	गोलढुंगा	नागार्जुन मा.वि. र धितालथोक वसस्टप		

शवदाहको अवस्था र सम्भाव्यता			
सि.नं.	स्थान		कैफियत
१	मनमैंजु	विष्णुमती र महादेवखोला दोभानमा रामघाट	

२	गोलढुंगा		
पर्यटकिय स्थल			
सि.नं.	**स्थान**	**स्थल**	**कैफियत**
१	काभ्रेस्थली	देवीस्थान शहिद स्मृति पार्क, वृहत शान्ति धाम पर्यटकीय क्षेत्र, मालिका माई सिम्लेश्वर मन्दिर	
२	जितपुरफेदी	तारकेश्वर, धवलेश्वर, थाना गढी, ऐतिहासिक पाँचमान भन्ज्याङ्ग आदि	
३	गोलढुंगा	गोलढुंगा भ्यू टावर	

प्रस्तावित नागार्जुन नगरपालिका

क) प्रस्तावित नगरपालिकाको पृष्ठभूमि -

हाल कायम रहेको नागार्जुन नगरपालिकालाई यथावत राखि नागार्जुन नगरपालिका प्रस्ताव गरिएको ।

ख) प्रस्तावित नगरपालिकाको संक्षिप्त परिचय

नाम : नागार्जुन नगरपालिका
क्षेत्रफल : २९.८ व.कि.मि.
केन्द्र : सीतापाइला, हरिसिद्धि
वडा संख्या : ११
जनसंख्या (२०६८ को जनगणना मुताविक) : ६७४२०
जनघनत्व :
आन्तरिक आम्दानी (आ.व. ०७१/७२ को) : १०५८६२९७५

ग) सिमाना :

१) पूर्व : काठमाडौं महानगरपालिका चक्रपथ वाहिरको भूभाग
२) पश्चिम : धादिङ्ग जिल्ला
३) उत्तर : त्रिशुली जाने पासाङ्ग ल्हामु राजमार्ग
४) दक्षिण चन्द्रागिरी नगरपालिका

घ) प्रस्तावित वडा विभाजन :

नगरपालिकाको नाम	हाल कायम रहेको वडा संख्या	अव कायम हुने वडा संख्या
नागार्जुन	१४	११

प्रस्तावित वडा विभाजन

नंया वडा नं.	समावेश हुने वडाहरू	जम्मा जनसंख्या
१	नागार्जुन १	६५८०
२	नागार्जुन २	८८२१
३	नागार्जुन ३	९०२४
४	नागार्जुन ४	१३६११
५	नागार्जुन ५,६	४२९८
६	नागार्जुन ७	३२३०
७	नागार्जुन ८,९	५५२९
८	नागार्जुन १०,११	२९१५
९	नागार्जुन १२	५१४९
१०	नागार्जुन १३	६२४९
११	नागार्जुन १४	२०१४
जम्मा		६७४२०

ङ) शहरी पूर्वाधार सम्वन्धि अवस्था :

खेलकुद मैदान				
सि.नं.	स्थान		क्षेत्रफल	कैफियत
१	इचङ्गु नारायण	सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हल्चोक खेल मैदान	अन्तराष्ट्रिय स्तरको	
२	सीतापाइला	हरिसिद्धि		
३	रामकोट	महन्ता पहिरो		
४	भिमढुङ्गा	नर्सरी भञ्ज्याङ्ग		
५	स्यूचाटार	किटिनी हवाइ मैदान		

पार्क /उद्यान				
सि.नं.	स्थान		क्षेत्रफल	कैफियत
१	इचङ्गु नारायण	रातोमाटे भ्यू टावर	१० रोपनी	
२	सीतापाइला	आदेश्वर मन्दिर	१० रोपनी	
३	रामकोट	सेतो गुम्वा	८० रोपनी	
४	भिमढुङ्गा	नर्सरी भञ्ज्याङ	२० रोपनी	
५	स्यूचाटार	हवाई मैदान	५ रोपनी	
६	नैकाप पुरानो भञ्ज्याङ्ग	कंकाली मन्दिर नजिक पार्क	५ रोपनी	

बस पार्क				
सि.नं.	साविक गा.वि.स.	स्थान	क्षेत्रफल	कैफियत
१	इचङ्गु नारायण	रानीवन माइक्रो पार्क	२ रोपनी	
२	सीतापाइला	हरिसिद्धि	२ रोपनी	
३	रामकोट	डाँडापौवा	आधा रोपनी	
४	भिमढुङ्गा	बसपार्क	१ रोपनी	
५	स्यूचाटार	बसपार्क	२ रोपनी	
६	नैकाप पुरानो भञ्ज्याङ्ग	वसपार्क	१ रोपनी	

ढल निकासा व्यवस्था				
सि.नं.	स्थान		निकास हुने स्थान	कैफियत
१	इचङ्गु नारायण	भद्रमति खोला	भद्रमति खोला	
२	सीतापाइला	भद्रमति खोला	भद्रमति खोला	
३	रामकोट	मनमति	मनमति	
४	भिमढुङ्गा	मनमति	मनमति	
५	स्यूचाटार	मनमति	मनमति	
६	नैकाप पुरानो भञ्ज्याङ्ग	डडुरे खोला	डडुरे खोला	
शवदाहको अवस्था र सम्भाव्यता				

सि.नं.	स्थान			कैफियत
१	इचङ्गु नारायण	इचंगु चिहान, छक्डोल, स्वयम्भू, पशुपति, टेकु, शोभा भगवती		
२	सीतापाइला	छक्डोल, स्वयम्भू, पशुपति, टेकु, शोभा भगवती		
३	रामकोट	डाँडागाउँ, महन्ता पहिरो, महाँङ्गाल, स्वयम्भू , पशुपति ,टेकु		
४	भिमढुङ्गा	पशुपति, टेकु		
५	स्यूचाटार	पशुपति, टेकु		
६	नैकाप पुरानो भञ्ज्याङ्ग	विष्णुदेवी, पशुपति, टेकु		

पर्यटकीय स्थल				
सि.नं.	स्थान	पर्यटकीय स्थल		कैफियत
१	इचङ्गु नारायण	इचङ्गु नारायण मन्दिर, नागार्जुन जामाचो मन्दिर		
२	सीतापाइला	आदेश्वर मन्दिर, रातो गुम्वा		
३	रामकोट	सेतो गुम्बा		
४	भिमढुङ्गा	भिमसेन स्थान, थाप्ले ऐनडाँडा		
५	स्यूचाटार	हसनटार गुम्वा		
६	नैकाप पुरानो भञ्ज्याङ्ग	कंकाली मन्दिर		

प्रस्तावित चन्द्रागिरी नगरपालिका

क) प्रस्तावित नगरपालिकाको पृष्ठभूमि -

हाल कायम रहेको चन्द्रागिरी नगरपालिकालाई यथावत राखि नगरपालिका प्रस्ताव गरिएको ।

ख) प्रस्तावित नगरपालिकाको संक्षिप्त परिचय -

नाम :**चन्द्रागिरी**
क्षेत्रफल : ४३.९ व.कि.मि.
केन्द्र : वलम्बु
वडा संख्या : अधिकतम १३
जनसंख्या (२०६८ को जनगणना अनुसार) : ८५१९८
जनघनत्व :
आन्तिरिक आम्दानी (आ.व. ०७१/७२ को) :१८३६६३९९

ग) सिमाना :

१) पूर्व : का.म.पा./कि.न.पा.
२) पश्चिम : धादिङ्ग
३) उत्तर : नागार्जुन न.पा., धादिङ्ग
४) दक्षिण : मकवानपुर

घ) प्रस्तावित वडा विभाजन :

नगरपालिकाको नाम	हाल कायम रहेको वडा संख्या	अव कायम हुने वडा संख्या
चन्द्रागिरी	**२५**	**१३**

प्रस्तावित वडा विभाजन

नंया वडा नं.	समावेश हुने वडाहरू	जम्मा जनसंख्या
१	चन्द्रागिरी १,२	४०३६
२	चन्द्रागिरी ३,४	३७७९
३	चन्द्रागिरी ५	५५६३
४	चन्द्रागिरी ६,७	६४८४
५	चन्द्रागिरी ८,९	१००९७
६	चन्द्रागिरी १०	५४१७
७	चन्द्रागिरी ११,१२	५९८२
८	चन्द्रागिरी १३,१४	३८४९
९	चन्द्रागिरी १५,१६,२४	१०४५२
१०	चन्द्रागिरी १७,१८	७३२३
११	चन्द्रागिरी १९,२१,	५६०२
१२	चन्द्रागिरी २०,२५	६८८८
१३	चन्द्रागिरी २२,२३	९७२६
जम्मा		**८५१९८**

ङ) शहरी पूर्वाधार सम्बन्धि अवस्थाः

खेलकुद मैदान				
सि.नं.	स्थान		क्षेत्रफल	कैफियत
१.	नैकाप नयां मञ्ज्यगं	फुटवल ग्राउण्डकवर्ड हल		
२.	महादेवस्थान	मातातिर्थ कुण्ड		
३.	बलम्बु	खेल मैदान	करिव ३ रोपनी	
४.	थानकोट	खेल मैदान	१० रोपनी	
५.	मातातिर्थ	खेल मैदान	६ रोपनी	

पार्क/उद्यान				
सि.नं.	स्थान	पार्क	क्षेत्रफल	कैफियत
१.	थानकोट	त्रिभुवन पार्क		
२.	नैकाप .	गणेशमान पार्क		
३.	दहचोक	थाप्लेचौर		
४.	सतुंगल	पुष्प बाटीका		

शवदाहाको अवस्था र सम्भाब्यता				
सि.नं.	स्थान		क्षेत्रफल	कैफियत
१.	महादेवस्थान	१. त्रिवेणीघाट २. किसीपीडी	करीव ३ रोपनी	
२.	तिनथाना	बिष्णुदेवी		
३.	सतुंगल	बिष्णुदेवी		
४.	नैकाप नयाा भञ्ज्यागं	बिष्णुदेवी		
५.	दहचोक	त्रिवेणीघाट		
६.	मातातिर्थ	चिहान डांडा, बिष्णुदेवी		

पर्यटकीय स्थल			
सि.नं.	स्थान		कैफियत
१.	बलम्बु	गुम्वा	पदयात्रा र दृश्यावलोकन
२.	दहचोक	तिनपोखरी	पदयात्रा र दृश्यावलोकन
३.	दहचोक	इन्द्रदह, कुपाण्डेको समाधि स्थल	ऐतिहासिक स्थल, धार्मिक स्थल
४.	थानकोट	चन्द्रगिरी	पर्यटकीय स्थल, दृश्यावलोकन
५.	महादेवस्थान	मातातिर्थ कुण्ड	धार्मिक स्थल
६.	मच्छेगाउा	मच्छेनारायण मन्दिर	धार्मिक स्थल
७.	तिनथाना	बिष्णुदेवी	धार्मिक स्थल
८.	तिनथाना	तिनथाना गढी डाडा	ऐतिहासिक स्थल, दृश्यावलोकन
९.	मातातिर्थ	देउराली	दृश्यावलोकन

खानेपानीको स्रोत

सि.नं.	साविक गा.वि.स. को नाम	श्रोत
१.	बलम्बु	प्राकृतिक मुहान
२.	दहचोक	प्राकृतिक मुहान, कुवा
४.	थानकोट	प्राकृतिक मुहान, कुवा, डिप वोरिगं
५.	तिनथाना	खोला, कुवा, धारा
६.	महादेवस्थान	प्राकृतिक मुहान, कुवा, डिपवोरीगं
७.	सतुंगल	प्राकृतिक मुहान
८.	मातातिर्थ	प्राकृतिक मुहान, कुवा, डिप वोरिग
९.	नैकाप नयाा भञ्ज्याग	प्राकृतिक मुहान, कुवा, डिपवोरीग

खुल्ला क्षेत्र				
सि.नं.	**स्थान**	**स्थान**	**क्षेत्रफल**	**कैफियत**
१.	बलम्बु	गले		
२.	दहचोक	थाप्लेचौर		
३.	थानकोट	गणेशस्थान, भालेचौर, चुनीखेल		
४.	तिनथाना	मुनाल क्लव		
५.	सतुंगल	चिम्चा		
६.	मातातिर्थ		१०० रोपनी	
७.	नैकाप नयाा भञ्ज्याग	वाल कुमारी	१२ रोपनी	

प्रस्तावित कीर्तिपूर नगरपालिका

क) प्रस्तावित नगरपालिकाको पृष्ठभूमि -

हाल कायम रहेको कीर्तिपूर नगरपालिकालाई यथावत राखि कीर्तिपूर नगरपालिका प्रस्ताव गरिएको छ ।

ख) प्रस्तावित नगरपालिकाको संक्षिप्त परिचय -

नाम :**कीर्तिपूर नगरपालिका**
क्षेत्रफल : १५ व.कि.मि.
केन्द्र : नँया बजार
वडा संख्या : १९
जनसंख्या (२०६८ को जनगणना अनुसार) : ६५६०२
आन्तरिक आम्दानी (आ.व. ०७२/७३) : ७ करोड ७७ लाख
जनघनत्व :

ग) सिमाना :

१) पूर्व : का.म.पा
२) पश्चिम : मकवानपूर
३) उत्तर : का.म.पा.
४) दक्षिण : दक्षिणकाली नगरपालिका

घ) प्रस्तावित वडा विभाजन :

नगरपालिकाको नाम	हाल कायम रहेको वडा संख्या	अव कायम हुने वडा संख्या
कीर्तिपूर	१९	१०

प्रस्तावित वडा विभाजन

नंया वडा नं.	समावेश हुने वडाहरू	जम्मा जनसंख्या
१	कीर्तिपूर १	६७०८
२	कीर्तिपूर २	६७२८
३	कीर्तिपूर ३	७३४३
४	कीर्तिपूर ४,५,६	७५१६
५	कीर्तिपूर ७,८,१९	६१५८
६	कीर्तिपूर ९,१०,	४२०६
७	कीर्तिपूर ११,१२	६७५८
८	कीर्तिपूर १३,१४,१५	७२८२
९	कीर्तिपूर १६,१७	८२४२
१०	कीर्तिपूर १८	४६६१
जम्मा		६५६०२

काठमाडौं महानगरपालिका

क) प्रस्तावित नगरपालिकाको पृष्ठभूमि -

हाल कायम रहेको काठमाडौं महानगरपालिकालाई यथावत राखि काठमाडौं महानगरपालिका प्रस्ताव गरिएको छ । वडाहरुमा जनसंख्याको वितरण अत्यन्त असमान रहेको तर वडा टुक्राउन नपाईने कार्यादेशको कारण आयोगबाट नै आवश्यक निर्णय हुनुपर्ने भनी यथावत प्रस्तुत गरिएको छ ।

ख) प्रस्तावित नगरपालिकाको संक्षिप्त परिचय -

नाम : **काठमाडौं महानगरपालिका**

क्षेत्रफल : ५०.७ व.कि.मि.

केन्द्र :

वडा संख्या : ३५

जनसंख्या (२०६८ को जनगणना अनुसार) : १६९९२८९

जनघनत्व :

आ.व. ०७०/७१ को आम्दानी: २ अर्व १५ करोड

ग) सिमाना :

१) पूर्व : भक्तपूर जिल्ला.

२) पश्चिम : तारकेश्वर, नागार्जुन न.पा.

३) उत्तर : बुढानिलकण्ठ नगरपालिका

४) दक्षिण : चन्द्रागिरी नगरपालिका

घ) प्रस्तावित वडा विभाजन :

नगरपालिकाको नाम	हाल कायम रहेको वडा संख्या	अव कायम हुने वडा संख्या
काठमाडौं महानगरपालिका	३५	३५

काठमाडौं महानगरपालिकामा हाल कायम रहेको वडाको जनसंख्या विवरण

वडा नं.	जम्मा जनसंख्या
१	८,००८
२	१३,४४८
३	३४,८६६
४	४७,३६२
५	१८,३२०
६	६०,३४४
७	५१,५८१
८	१०,७३८
९	४०,३७१

वडा नं.	जम्मा जनसंख्या
१०	३९,८२०
११	१७,७६५
१२	१३,२६२
१३	४०,४५६
१४	५८,४९५
१५	५४,४७६
१६	८४,४४१
१७	२५,९२६
१८	१०,७४६
१९	१०,७११
२०	१०,९६८
२१	१३,७२७
२२	५,६९९
२३	८,३५७
२४	३,४८८
२५	३,४८६
२६	४,१३३
२७	७,५९२
२८	५,६११
२९	४५,०५२
३०	८,५६३
३१	१६,२११
३२	३३,३१६
३३	२५,६९४
३४	६६,१२१
३५	७६,२९९
जम्मा	**९७५,४५३**

प्रस्तावित दक्षिणकाली गाँउपालिका/नगरपालिका

क) प्रस्तावित गाँउपालिका/नगरपालिकाको पृष्ठभूमि - हाल कायम रहेको दक्षिणकाली नगरपालिकालाई यथावत राखि गाँउपालिका/नगरपालिका प्रस्ताव गरिएको ।

ख) प्रस्तावित गाँउपालिका/नगरपालिकाको संक्षिप्त परिचय -

नाम :**दक्षिणकाली**

क्षेत्रफल :४२.६ वर्ग कि.मी.

केन्द्र : फपिङ्ग

वडा संख्या : ६ देखि ९

जनसंख्या (२०६८ को जनगणना अनुसार) : २४२९७

जनघनत्व :

आन्तिरिक आम्दानी (आ.व. ०६९/७० को) : २५७५९५२।८५

ग) सिमाना :

१) पूर्व : वाग्मती नदी (ललितपुर जिल्ला)

२) पश्चिम : मकवानपुर

३) उत्तर : किर्तिपुर न.पा.

४) दक्षिण : मकवानपुर

घ) प्रस्तावित वडा विभाजन :

नगरपालिकाको नाम	हाल कायम रहेको वडा संख्या	अव कायम हुने वडा संख्या
दक्षिणकाली	१५	६ देखि ९

प्रस्तावित वडा विभाजन (गाँउपालिका कायम भएमा)

नंया वडा नं.	समावेश हुने वडाहरू	जम्मा जनसंख्या
१	दक्षिणकाली १,२,३	५४१८
२	दक्षिणकाली ४,५	३१९५
३	दक्षिणकाली ६,७	३८५५
४	दक्षिणकाली ८,९,१०	४७५५
५	दक्षिणकाली ११,१२	२८५८
६	दक्षिणकाली १३,१४,१५	४२१६
जम्मा		२४२९७

प्रस्तावित वडा विभाजन (नगरपालिका कायम भएमा)

नंया वडा नं.	समावेश हुने वडाहरू	जम्मा जनसंख्या
१	दक्षिणकाली १,२,	३८६१
२	दक्षिणकाली ३	१५५७
३	दक्षिणकाली ४,	१७७३
४	दक्षिणकाली ५	१४२२

नंया वडा नं.	समावेश हुने वडाहरू	जम्मा जनसंख्या
५	दक्षिणकाली ६,७	३८५५
६	दक्षिणकाली ८,१०	३२४८
७	दक्षिणकाली ९	१५०७
८	दक्षिणकाली ११,१२	२८५८
९	दक्षिणकाली १३,१४,१५	४२१६
जम्मा		**२४२९७**

ङ) शहरी पूर्वाधार सम्बन्धी अवस्था :

फोहरमैला व्यवस्थापन/प्रशोधन संभावित केन्द्र				
सि.नं.	**स्थान**		**क्षेत्रफल**	**कैफियत**
१	दक्षिणकाली	फर्पिङ्ग		
२	टल्कु	डांडीखेल		
३	सेतीदेवी	फर्पिङ्ग पावरहाउस		
४	शेषनारायण	खेलमैदानको नजिक		

खेलकूद मैदान				
सि.नं.	**स्थान**	**क्षेत्रफल**		**कैफियत**
१	शेषनारायण	२०० रोपनी		
२	चाल्नाखेल	२० रोपनी		
३	वांसवारी	१० रोपनी		
४	लामागाउँ	१० रोपनी		

पार्क/उद्यान				
सि.नं.	**साविक गा.वि.स.को नाम**	**स्थान**	**क्षेत्रफल**	**कैफियत**
१	चाल्नाखेल	सामुदायिक वन, चाल्नाखेल	५०० रोपनी	
२	दक्षिणकाली	दक्षिणकाली पार्क	५०० रोपनी	
३	सेतीदेवी	टावरपार्क, सेतीदेवी ६	१०० रोपनी	
४	शेषनारायण	शेषनारायण ४	५० रोपनी	
५	छैमले	छैमले शहिद पार्क	२० रोपनी	

बस पार्क				
सि.नं.	**स्थान**	**क्षेत्रफल**		**कैफियत**
१	फर्पिङ्ग वसपार्क	२ रोपनी		
२	दक्षिणकाली पार्क	१० रोपनी		
३	चाल्नाखेल पिपलवोट	२ रोपनी		
४	राम्चे पार्क	२ रोपनी		

शवदाहको अवस्था र सम्भाव्यता			
सि.नं.	**स्थान**	**घाट**	**कैफियत**
१	छैमले, दक्षिणकाली, शेषनारायण	देवघाट, कटुवालदह	
२	सेतीदेवी	वागमती घाट	
३	चाल्नाखेल	खहरेघाट	

पर्यटकिय स्थल			
सि.नं.	**स्थान**	**स्थल**	**कैफियत**
१	सेतिदेवी	फपिङ्ग जलविद्युत केन्द्र	
२	छैमले	शहिद पार्क	
३	शेषनारायण	शेषनारायण मन्दिर	
४	दक्षिणकाली	दक्षिणकाली मन्दिर परिसर	

खानेपानीको अवस्था			
सि.नं.	**स्थान**	**खानेपानी पहूँच अवस्था**	**कैफियत (श्रोत खुलाउने जस्तोः खोला, कुवा, नल, कल आदि)**
१	टल्कु	वृहत खानेपानी	
२	दक्षिणकाली शेषनारायण	वृहत खानेपानी	
३	सेतीदेवी	सातमुल र तौथली मुल	
४	चाल्नाखेल	खहरे खानेपानी योजना	

अनुसूची २

काठमाडौं जिल्लामा ९ वटा नगरपालिका कायम भएमा दक्षिणकाली र कीर्तिपूर मिलाएर वन्ने नगरपालिका तथा शंखरापुर नगरपालिका कागेश्वरी मनहरा नगरपालिका मिलाएर वन्ने नगरपालिकाको हकमा निम्न बमोजिम वडा कायम गर्न सकिने र बांकीको हकमा अनुसूची १ बमोजिम हुने ।

दक्षिणकाली र कीर्तिपूर नगरपालिका मिलाएर वन्ने नगरपालिकाको वडा विभाजन

नंया वडा नं.	समावेश हुने वडाहरू	जम्मा जनसंख्या
१	दक्षिणकाली १,२,३	५४१८
२	दक्षिणकाली ४,५	३१९५
३	दक्षिणकाली ६,७	३८५५
४	दक्षिणकाली ८,९,१०	४७५५
५	दक्षिणकाली ११,१२	२८५८
६	दक्षिणकाली १३,१४,१५	४२१६
७	कीर्तिपूर १	६७०८
८	कीर्तिपूर २	६७२८
९	कीर्तिपूर ३	७३४३
१०	कीर्तिपूर ४,५,६	७५१६
११	कीर्तिपूर ७,८,१९	६१५८
१२	कीर्तिपूर ९,१०,११,१२	१०९६४
१३	कीर्तिपूर १३,१४,१५	७२८२
१४	कीर्तिपूर १६,१७,१८	१२९०३
जम्मा		**८९८९९**

शंखरापुर र कागेश्वरी मनहरा नगरपालिका मिलाएर वन्ने नगरपालिकाको वडा विभाजन

नंया वडा नं.	समावेश हुने वडाहरू	जम्मा जनसंख्या
१	शंखरापुर १, २ र ३	५९०७
२	शंखरापुर ४, ५	४२४२
३	शंखरापुर ६,७, ८	४८१९
४	शंखरापुर ९,१०	२६७६
५	शंखरापुर ११,१२,१३	४३३३
६	शंखरापुर १४,१५	३३६१
७	कागेश्वरी १,२,१४	५५३३
८	कागेश्वरी ३,१५	३१५९
९	कागेश्वरी ४,१६	२३८८
१०	कागेश्वरी ५,६,७	११२४६
११	कागेश्वरी ८,९,१०	११७४२
१२	कागेश्वरी ११,१२	१२५६९
१३	कागेश्वरी १३	१३६००
जम्मा		**८५५७५**

अनुसूची ३

स्थानीय तह पुनरसंरचना प्राविधिक सहयोग समितिको विभिन्न मितिमा वसेको वैठक/परामर्श वैठकको उपस्थिति एवं निर्णयहरू

अनुसूची ४

राजनैतिक दल तथा अन्य सरोकारवालाहरूबाट सुझावहरू

अनुसूची ५
गोदावरी घोषणा, २०७२

अनुसूची ६

काठमाडौं जिल्लाको स्थानीय तह पुन:संरचना प्राविधिक सहयोग समितिलाई सहयोग गर्ने कर्मचारीहरू

१. वरिष्ठ आ.ले.प. अधिकारी श्री गोपाल प्रसाद पोखरेल

२. वरिष्ठ सामाजिक विकास अधिकृत श्री दिपक कुमार के.सी.

३. लेखा अधिकृत श्री प्रमोद कुमार तिमलसीना

४. कार्यक्रम अधिकृत श्री सुदर्शन खनाल

५. कम्प्यूटर अधिकृत श्री सीता कार्की

६. टीम लिडर श्री शारदा कंडेल

७. ईन्जिनियर श्री प्रकाशमान श्रेष्ठ

८. ICTV श्री प्रविण पौडेल

अनुसूची ७

प्राविधिक समितिले गरेका मुख्य मुख्य कार्यहरु :

१. मिति २०७३/०४/०४ मा स्थानीय तह पुनरसंरचना प्राविधिक सहयोग समितिको वैठक वसी समितिका पदाधिकारीहरू चयन गरी प्राविधिक सहयोग समितिको कार्यशर्त तथा कार्यविधि सम्वन्धमा छलफल गरी परामर्शका लागि राजनैतिक दल, विषयगत कार्यालयका प्रमुखहरू, नगरपालिकाका कार्यकारीसंग छलफलका लागि मिति तय गरिएको ।

२. मिति २०७३/०४/०५ गते विहान ७.०० वजे वैठक वसी जिल्लाका सक्रिय राजनैतिक दलका प्रतिनिधिहरूलाई स्थानीय तह पुनरसंरचना प्राविधिक सहयोग समितिको कार्यशर्त तथा कार्यविधि सम्वन्धमा अभिमुखीकरण गराई दलहरूको सुझाव संकलन गर्ने निर्णय गरिएको ।

३. मिति २०७३/०४/०५ गते दिनको २.०० वजे काठमाडौं जिल्लाका विषयगत कार्यालयका प्रमुखहरूलाई स्थानीय तह पुनरसंरचना प्राविधिक सहयोग समितिको कार्यशर्त तथा कार्यविधि सम्वन्धमा अभिमुखीकरण गराई सुझाव संकलन गर्ने एवं अन्य सरोकारवाला पक्षहरूसंग छलफल एवं परामर्श गर्दे जाने निर्णय गरिएको ।

४. मिति २०७३/०४/०७ गते काठमाडौं जिल्लाका सवै महा/नगरपालिकाका कार्यकारीहरू विच स्थानीय तहको पुनरसंरचनाका आधार एवं मापदण्डका विषयमा छलफल गरी छलफलबाट पुनरसंरचनाका लागि विभिन्न विकल्पहरू सुझाव भएको ।

५. मिति २०७३/०४/११ गते काठमाडौं जिल्लाबाट व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्नुहुने माननीय सांसदज्यूहरू एव राजनैतिक दलका प्रतिनिधिहरूसंग वैठक वसी पुनरसंरचनाका लागि सुझाव संकलन गर्ने कार्य गरिएको एवं राजनैतिक दललाई पुनरसंरचनाका लागि आफ्नो पार्टीको आधिकारिक धारणा उपलव्ध गराउन अनुरोध गरिएको ।

६. मिति २०७३/०४/११ गते परामर्श वैठक वसी पुनरसंरचनाका विभिन्न विकल्पहरूमा छलफल गरिएको ।

७. मिति २०७३/०४/१२ गते परामर्श वैठक वसिएको ।

८. मिति २०७३/०४/१६ गते परामर्श वैठक वसिएको ।

९. मिति २०७३/०५/११ गते प्राविधिक सहयोग समितिको वैठक वसी काठमाडौं महानगरपालिकाका विभिन्न वडाहरूमा रहेको जनसंख्या एवं महानगरको पुनरसंरचना सम्वन्धमा महानगरपालिकासंग छलफल गर्ने निर्णय गरिएको ।

१०. मिति २०७३/०५/१५ गते प्राविधिक सहयोग समितिको वैठक वसी पुनरसंरचनाका लागि थप वहश गर्नुपर्ने आवश्यकता भएको प्रतिवेदन वुझाउने म्याद भाद्र मसान्तसम्म थप हुन आयोगमा अनुरोध गर्ने निर्णय भएको ।

११. मिति २०७३/०५/२० गते विहान ७.३० गते स्थानीय तहको पुनरसंरचना सम्वन्धमा नागार्जुन नगरपालिकामा परामर्श वैठक वसिएको ।

१२. मिति २०७३/०५/२४ गते राजनैतिक दलका प्रतिनिधि एवं काठमाडौं महानगरपालिका प्रतिनिधिहरू विच छलफल कार्यक्रम आयोजना गरी काठमाडौं जिल्लाको पुनरसंरचनाको खाका तय गरिएको ।

१३. मिति २०७३/०५/२६ गते राजनैतिक दल र नगरपालिकाका कार्यकारीहरू विच परामर्श वैठक वसिएको ।

१४. मिति २०७३ भाद्र २७ मा आयोगममा प्रारम्भिक प्रतिवेदन वुझाईएको ।

१५. आयोगवाट संशोधित कार्यशर्त तथा मापदण्ड प्राप्त भएपछि पुन छलफल तथा अन्तरक्रिया गरी कार्य अघि वढाईएको । उक्त छलफलवाट राजनैतिक दलहरूवाट समेत सर्वसम्मत हुन नसकेको तथा लिखित/मौखिक रूपमा फरक फरक धारणा आएको ।

१६. प्राविधिक समितिले तयार गरेको वडागत सिमाकंन तथा विभाजन अनुसूचीमा समावेश गरिएको तर उक्त वडा विभाजन सम्वन्धित नगरपालिकामा छलफल भई अनुमोदन गर्न बांकी रहेको । सम्वन्धित नगरपालिकाका कार्यकारी अधिकृत संयोजक र जिल्ला विकास समितिको अधिकृत प्रतिनिधि सदस्य रहने गरी महानगरपालिका वाहेकका सवै नगरपालिकाहरूमा सहजीकरण टोली वनाइएको ।

अनुसूची- ८

नगरपालिकाको संख्या निर्धारण भएपश्चात हाल प्रस्तावित वडा संख्या एवं सिमांकनलाई अन्तिम रुप दिन देहाय वमोजिमको टोली गठन गरिएको छ ।

क्र.सं.	हालको नगरपालिकाको नाम	नगरपालिकामा समावेश भएका गा.वि.स.हरू/वडा संख्या	संयोजनकर्ताको नाम
१	काठमाडौं महानगरपालिका		तहां आयोगबाटै वडाको सिमांकन एवं संख्या निर्धारण हुन उपर्युक्त हुने देखिन्छ ।
२	कीर्तिपुर नगरपालिका		वरिष्ठ सामाजिक विकास अधिकृत दिपक कुमार के.सी.
३	शंखरापुर नगरपालिका	नाङ्गलेभारे, लप्सेफेदी, सुन्टोल, इन्द्रायणी, पुखुलाछी र वज्रयोगिनी (१५)	वरिष्ठ आ.ले.प. अधिकारी गोपाल प्रसाद पोखरेल
४	कागेश्वरी मनहरा नगरपालिका	गागलफेदी, आलापोट, भद्रवास, डांछी, मुलपानी र गोठाटार (१६)	वरिष्ठ आ.ले.प. अधिकारी गोपाल प्रसाद पोखरेल
५	गोकर्णेश्वर नगरपालिका	सुन्दरीजल, नयांपाटी, वालुवा, गोकर्णेश्वर र जोरपाटी (१६)	वरिष्ठ आ.ले.प. अधिकारी गोपाल प्रसाद पोखरेल
६	टोखा नगरपालिका	झोरमहांकाल, टोखा चण्डेश्वरी, टोखा सरस्वती, धापासी र गोगंवु(१५)	वरिष्ठ सूचना अधिकत प्रविण प्याकुरेल
७	वूढानीलकण्ठ नगरपालिका	चपली भद्रकाली, खड्का भद्रकाली, विष्णु वुढानीलकण्ठ, महांकाल, कपन र चुनिखेल (१९)	वरिष्ठ सूचना अधिकत प्रविण प्याकुरेल
८	तारकेश्वर नगरपालिका	साङ्गला, काभ्रेस्थली, जितपुरफेदी, गोलढुंगा, धर्मस्थली, फुटुङ्ग र मनमैंजु (२१)	कार्यक्रम अधिकृत सुदर्शन खनाल
९	नागार्जुन नगरपालिका	इचंगुनारायण, सीतापाईला, रामकोट, भिमढुंगा र स्यूचाटार (१५)	कार्यक्रम अधिकृत सुदर्शन खनाल
१०	चन्द्रागिरी नगरपालिका	दहचोक, वाडभन्ज्याङ्ग, थानकोट, महादेवस्थान, मातातीर्थ, मच्छेगाउं, सतुंगल, वलम्वु, नैकाप नयां भन्ज्याङ्ग, नैकाप पुरानो भन्ज्याङ्ग र तीनाथाना (२५)	लेखा अधिकृत प्रमोद कुमार तिमलसीना
११	दक्षिणकाली नगरपालिका	सेतीदेवी, चाल्नाखेल, शेषनारायण, दक्षिणकाली, टल्कुडुडेचौर र छैमले (१५)	वरिष्ठ सामाजिक विकास अधिकृत दिपक कुमार के.सी.

अनुसूची- ९

विकल्प वमोजिमका नक्साहरु

विकल्प नं.१ अनुसार काठमाडौं जिल्लाको नक्सा



विकल्प नं.२ अनुसार काठमाडौं जिल्लाको नक्सा



अनुसूची १०

स्थानीय तह पुनःसंरचना प्राविधिक सहयोग समितिको वैठक/परामर्श वैठकका झलकहरू

प्रारम्भिक प्रतिवेदन आयोगमा वुझाउँदै स्थानीय विकास अधिकारीज्यू